# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड २ मण्डनदेउपुर, साउन १५ गते, २०७५ साल संख्या ७


# भाग २

## मण्डनदेउपुर नगरपालिका

# मण्डनदेउपुर नगरपालिका
# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नियमावली २०७५

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।३।२६
प्रमाणिकरण मिति २०७५।४।४

**प्रस्तावना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकारको कार्यान्वयन गर्न सोहि ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी प्रयोग गरी मण्डनदेउपुर नगरपालिकाले यो नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नियमावली, २०७५ बनाई लागू गरेको छ ।

# परिच्छेद– १

# प्रारम्भिक

## १. संक्षिप्त नाम र प्रारम्भ

क. यो नियमावलीको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नियमावली, २०७५" रहेको छ ।

ख. यो नियमावली मण्डन देउपुर नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले मण्डन देउपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

घ) "कार्यालय"भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले मण्डन देउपुर नगरपालिकाको यस नियमावली बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

च) "नगर प्रहरी" भन्नाले मण्डन देउपुर नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) "भत्ता" भन्नाले मण्डन देउपुर नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ज) "आर्थिक वर्ष"भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

झ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ञ) "नगर सभा" भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ठ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ड) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

ढ) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३) नियमावलीको व्याख्यानगर कार्यपालिकाले गर्ने :**

क) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगर कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) नियमावलीको बुँदा ३(क) को सम्वन्धमा नगर कार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

# परिच्छेद २

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**४) नगर प्रहरी सेवाको गठन :**

नगरपालिकामा एक नगर प्रहरी सेवासमुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :**

१) नगर प्रहरी सेवामा नगर कार्यपालिकाले तोके बमोजिमको पद र तह रहनेछन ।

२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अकिार तोकिए वमोजिम हुनेछ ।

# परिच्छेद- ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) नगरपालिकाकोसम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा,

(८) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायको नियन्त्रण,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री, पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । यस्तो निर्माण कार्य गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाडन लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुको मासु बिक्रि वितरणमा रोक लगाउने, अटेर गरेमा जफत गरी नष्ट गर्ने, साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाडन लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काटन लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र समाजका विकृति हटाउन कार्य गर्ने, गराउने ।

(२०). नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) मण्डनदेउपुर नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने, अटेर गर्नेलाई जरिवाना तथा कारवाही गर्ने।

(२३) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४). नाप तौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप नचलेका पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृती जन्य क्रियाकलापमा राक लगाउने ।

(२७) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल, एम्बुलेन्स सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सहयोग कार्यमा पुऱ्याउने ।

(३१) विपद, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) नगरपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि पाप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

# परिच्छेद- ४

# तह विभाजन र पदपूर्ति

**७) नगर प्रहरीको दरवन्दी सिर्जना प्रकृया** :१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी नगर कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण,प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्नेप्रभाव स्पष्ट गरी सभासमक्ष पेश गर्नु पर्नेछ ।

**८) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवा गरिनेछ ।

क) नगर प्रहरी सहायक निरीक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

**९) नियुक्ति गर्ने अधिकारी**: पदपूर्ति समितिको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

१०) नगर प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

११) खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति पदमध्ये पैतालीस प्रतिशत पद छुटयाई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

क) महिला ३३ प्रतिशत

ख) आदिबासी/जनजाति २७ प्रतिशत

ग) मधेसी २५

घ) दलित १५ प्रतिशत

**स्पष्टीकरण** :(१) यस नियमावलीको प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी /जनजाति, मधेसीर दलितलाई सम्झनु पर्छ ।

(२) उपबुँदा वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति, मधेसी र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाश गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोके सम्मको लागि जुन सुकै महिला, आदिवासी/जनजाति,मधेसी र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(३) बुँदा(११) वमोजिम छुटयाइएका पदको लागि दरखास्त पेश गर्दा देहाय वमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(४) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाति भनी प्रमाणित भएको ।

(५) मधेसीका लागि राष्ट्रिय मधेसी आयोगबाट मधेसी भनी प्रमाणित भएको ।

(६) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(७) बुँदा(११) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक( फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(८) बुँदा(११) वमोजिम छुटयाइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**१२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु** :नगर प्रहरी पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन:

१) दरखास्त बभ्काउने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुराभई ३५ वर्ष ननाघेको।

२) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयबाट प्रमाणपत्र तहवा सो सरह उत्तीर्ण, नगर प्रहरी हवल्दार रनगर प्रहरी पदको एस.एल.सी वा सो सरह उतिर्ण गरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

७) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

८) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३)पदपूर्ति समिति:** नगरपालिकाको नगर प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत–अध्यक्ष,

(ख) योजना तथा प्राविधिक विकास शाखा प्रमुख–सदस्य,

(ग) प्रशासन शाखा प्रमुख–सदस्य सचिव

नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार** :(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नियमावलीको बुँदा बमोजिम १२ पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठयक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठयक्रम छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठयक्रमा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिनेछ ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण नतिजा गरी प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सा सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्न आवश्यकता अनुसार नियमावली गत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राष्ट्रिय वा स्थानिय स्तरको पत्रीकामा सूचना प्रकासित गर्नु पर्नेछ ।

**१५) योग्यताक्रम सूची तयार गर्ने** :(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यता क्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) नियमावलीको बुँदा १५(१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति/सम्झौता गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिन भित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौतापत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) नियमावलीको बुँदा १५(३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१६) जेष्ठताक्रम कायम गर्ने:**(१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१७) परीक्षणकालमा राखिने :** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षण काल राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ ।

(२) नियमावलीको बुँदा१७(१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौतागर्ने अधिकारीले अवकाश दिनेछ ।

**१८) नियुक्ति सदर** :(१) नियमावलीको बुँदा१७(१) वमोजिमको परीक्षण कालमा रहेको नगर प्रहरी कर्मचारीको सन्तोषजनक काम भएमा नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति/सम्झौतासदर गरिनेछ ।

(२) नियमावलीको बुँदा १८ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

# परिच्छेद- ५

## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**१९) नगरपालिका प्रशासनको नियन्त्रण रहने:** नगरप्रहरीको आन्तरिक व्यवस्था वाहेक समस्त नगर प्रहरी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र विषयगतजिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन ।

# परिच्छेद– ६
# विदा

**२०) विदा अधिकारको कुरा होइन:**(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) **विदाको किसिमहरु** : नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

१) भैपरी आउने र पर्व विदा

२) किरिया विदा

३) प्रसुती विदा

(४) प्रसुति स्याहार विदा

(५) विरामी विदा

**२१) विदा स्वीकृत नगराईघर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने:** (१) यस नियमावली वमोजिम विदा स्वीकृत नगराई बस्न नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन ।

(२) नियमावली(१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ ।

तर विदाको निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

**२२) भैपरी/पर्व विदा** (१:) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ ।

२) भैपरी/पर्व आउने विदा साधारणत:एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव पाउनेछ ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**२३) किरिया विदा** :(१) नगर प्रहरी कर्मचारीआफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नु परेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) किरिया विदा लिन मृत्युदर्ता प्रमाणपत्र तथा नाता प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**२४) प्रसूती विदा** :(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

६) उल्लेख भए अनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक राख्नुपर्नेछ ।

**२५) प्रसूती स्याहार विदा** (:१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरि पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ ।

३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब पाउनेछ ।

४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक राख्नुपर्नेछ ।

५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**२६) विरामी विदा** : नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी विदापाउने छ ।

**२७) विदा दिने अधिकारी**:सम्पुर्ण प्रकारका बिदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**२८) विदा परिणत नहुने:** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सो बिदानै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

**२९) सार्वजनिक विदा गाभिने:** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेका प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा पाउने अरु विदामा वसेको मानिनेछ ।

**३०) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही:** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगरप्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**३१) विदा लिने विधि :**(१) यस परिच्छेद वमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखामार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम(१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तजबीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहाय बुँदामामा लेखिए वमोजिम कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा (ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृत हुन गई त्यसको फलस्वरुप विदा निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

३२) **विदाको अभिलेख:** विदादिने अधिकारीले आफनो मातहतका सबै नगरप्रहरी कर्मचारीको विदाकोअभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

३३) **निकासा लिन नभ्याएमा :** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्थापर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

३४) **गयल खाली जनाउने:** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफुले सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पडताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती व्यहोरा लेखि पठाउन सक्नेछ ।

३५) **झुठो कारण देखाएमा सजाय हुने:** कुन नगर प्रहरी कर्मचारीले कुनै झुठो कारण देखाई विरामी विदा,किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

३६) **तालिम अवधिमा विदा वस्ने वारे:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

# परिच्छेद ७

## आचरण

**३७) दान उपहार लिन नहुने:** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनैनगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार र कोसेली उपहार स्वीकार गर्नु हुदैन ।

**३८) चन्दा लिन नहुने:** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता पाउने काममा समेत भाग लिन हुँदैन

**३९) स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने:** नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्नेभएमा मण्डनदेउपुर नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

**४०) सम्पत्तिको विवरण दिनुपर्ने:** (१) हाल वहालमा रहेको नगरप्रहरी कर्मचारीले यो नियमावली लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

क). आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण

ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

२. नियमावलीको बुँदा ४३ कोउपबुँदा १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

३. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**४१) व्यापार व्यवसाय गर्न नहुने:** कुनैपनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**४२) नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:** नगरप्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफनो कर्तव्यको पालना गर्दा स्थानीय तहवा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागज प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**४३) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने**: नगरप्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरीकुनै पत्रपत्रिकामा आफनै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै प्रकाशितलेख गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयका भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**४४) नगरपालिकाको आलोचना**: नगर प्रहरीकर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिकोबिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका नगर बासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना प्रकासित गर्नु हुँदैन ।

**४५) निर्वाचनमा भाग लिन नहुने:** नगरप्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचन भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफनो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**४६) राजनीतिमा भाग लिन नहुने**: नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक

संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले सहयोग गर्न, आफ्नो प्रभाव पार्न हुँदैन ।

**४७) समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

**४८) अनुशासन र आज्ञापालनः** (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफनो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ।

**४९) नगर प्रहरी कर्मचारीलेबाहिरी प्रभाव पार्न नहुनेः** प्रहरी कर्मचारीले आफनो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**५०) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद- ८

## सजाय र पुनरावेदन

**५१) सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने ।

३. तलव वृद्धिरोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिन गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५२) नसिहत दिने वा प्रतिकूल राय लेख्ने:** नगरप्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहतदिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धि प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**५३) दर्जा र तलब घटाउने:** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लोस्कलमा ओराल्न सक्ने, नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरण सम्वन्धी नियमावली उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**५४) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने:** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफनो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) बराबर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरि हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा

**५५) सजाय सम्बन्धी नियमावली** :(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अधिकारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफनो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचनामा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने तोकिएको म्यादभित्र आफनो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस नियमावली वमोजिमको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजाय सूचना सम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ, जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीको राय समेत बुझी कारणसहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत निलम्वित हुनेछ ।

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सा अवधिको तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुर ठहरिएमा निलम्वन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

**५६) सजायको आदेश दिने:** जाँच वुझ्को काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**५७) सेवाको अन्त गर्ने:** (१)कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा नियमावली र यस नियमावली वमोजिमको प्रक्रिया अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुद,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

(२) यस नियममा अन्यत्र जे कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैवि प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजले कार्यपालिकाले तोके बमोजिमको एकमुष्ट सुविधा पाउनेछ ।

(३) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहाय वमोजिमका समिति रहने छ :

(१)प्रमुख प्रशासकीय अधिकृत–अध्यक्ष

(२) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल–सदस्य

(३) प्रशासकिय अधिकृत– सदस्य सचिव

(४) उपनियम (३) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफनो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद वा अन्य कुनै यस्तै प्रकारको घटनामा परीभएको हो वा होइन भन्ने निर्णय गर्ने समेत अधिकार हुनेछ ।

# परिच्छेद ९

## तलब, भत्ता

**५८) तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मिति देखि तलब पाउनेछ ।तलव नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।

**५९) टाइम स्केल:**(१) टाइम स्केल अनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केल लेखिएको न्यूनतम तलब पाउने छ ।अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केल भित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । याग्यता असधारण भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

**६०)** कार्यालयमा गैर–हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मिति देखिको तलब पाउने छैन ।

# परिच्छेद १०

## निमित्त

**६१) निमित्त भई काम गर्ने व्यवस्था :**(१) एक महिना ननाघ्ने गरी कुनै कारणले नगर प्रहरीको नेतृत्व तहको पदाधिकारी अनुपस्थित भएमा सबभन्दा जेष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

**६२) एक पदमा एक व्यक्तिमात्र कायममुकायम वा कार्यवाहक हुने:** कुनैएक पदमा एक समयमा एकभन्दा वढीव्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

**६३) काम गरेको अवधिको तलब भत्ता:** (१)कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब पाउने छ । तर पन्ध्र दिन कम भन्दा समय कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब दिइने छैन र पन्ध्र दिन बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेव तलबदिइने छ ।

## परिच्छेद ११
## तालिम

**६४) तालिमको व्यवस्था :** नगर प्रहरी कर्मचारीलाई कार्य कुशल एवं दक्ष तुल्याउन मण्डन देउपुर नगरपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ।

**६५) तालिम संचालन हुने स्थान:** नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**६६) तालिमको अवधि :** नगर प्रहरी सेवाका सबैको तालिमको अवधि मण्डन देउपुर नगरपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

**६७) तालिमको अनिवार्यता:**(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाहि देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएकोमा सो व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई एकपटक तालिमको मौका दिइनछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ ।

**६८) तालिमको पाठयक्रम :** विभिन्न तालिमहरुको पाठयक्रम तयार गर्न प्रमुख प्रशासकीय अधिकृत समेत रहने एक समितिको गठन हुनेछ ।

**६९) प्रशिक्षार्थीले पाउने सुविधा:** (१)मण्डन देउपुर नगरपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

**७०) तालिम सफल भएमा :** देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :(क) नगर प्रहरी अधिकृत( आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु करारमा नियूक्तीका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामानियुक्तिको लागि योग्य हुनेछन ।

**७१) समिति गठन हुने:** नियमावलीको ६९ र ७० मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले ठहर वमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

**७२) प्रारम्भिक पोशाक** (१:) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिमको प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिन प्रारम्भिक पोशाक मण्डन देउपुर नगरपालिकाले दिनेछ ।

**७३) तालिममा सामेल गराउने संख्या:** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपन गरी प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय भए अनुसार तालिम लिने नगर प्रहरी कर्मचारीहरु तोकिनेछन।

**७४) आन्तरिक तालिम :** एकैपटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

# परिच्छेद १२

## पोशाक

**७५) नगर प्रहरी पोशाक :** नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**७६) जाडो मौसमका लागि दिइने पोशाकः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई पोशाक, आवश्यक सामान र जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईनेछ ।

**७७) तयारी पाशाक वितरण गर्न नसकिएमा दिने सुविधाः** नगरप्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

**७८) नगर प्रहरीको पोशाक सटटा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमाजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृतगरे बमोजिजम सटटा गरी नयाँ दिइनेछ ।

# परिच्छेद १३

## अवकाश र उपदान

**७९) अनिवार्य अवकाश** :( १) यो नियमावली जारी भएपछि नियुक्ति ाभएका देहायका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३0 वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) नगर प्रहरी सहायक निरीक्षक ५८ वर्ष

ख) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान ५५ वर्ष

(२) उमेरको हद वा सेवा अवधि मध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारी सेवाबाट अवकाश पाउने छ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्ल पदको अवधि नै लागू हुनेछ ।

**स्पष्टीकरण** : नियमको प्रयोजनको निमित्त नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहायवमोजिम गरिनेछ :

क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा निजको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(४) यस विनियम वमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले नोकरीबाट अवकाश दिनेछ ।

**८०) उपदान** : नगर प्रहरी कर्मचारीले प्राप्त गर्ने उपदान तथा सुविधा नगरपालिकाले लागु गर्ने कर्मचारी सेवा, शर्त र सुविधा सम्वन्धि विनियमावली बमोजिम हुनेछ ।

**८१) पारिवारीक उपदान** : ( १) नगर प्रहरी कर्मचारीको नोकरीमा छदै मृत्य भएमा सेवा प्रवेश गर्दा सिटरोलमा कर्मचारीले इच्छाएको व्यक्तिलाईवा प्रचलित कानुन अनुसार नजिकको हकवालालाई नियमानुसार हुन आउने उपदान दिइनेछ ।

## परिच्छेद १४
## विविध

**८२) विभागीय आदेशर निर्देशन**: यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम गर्ने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**८३) पुरस्कार:** देहायका पदाधिकारीहरुले आफनो र आफना मातहतका कार्यालयका नगर प्रहरी कर्मचारीहरुले आफनो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन:

**८४) चाडपर्व खर्च पाउने:** नगरप्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाड पर्व खर्चको रुपमा पाउनेछ ।

**८५) अन्य सुविधा तथा व्यवस्था:**(१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो नियमावलीमा जुनसुकैकुरा लेखिएको भए तापनि नियमावली जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

(३) यो नियमावली जारी भए पश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन तर्फ पदपूर्ति गरेपछि सेवा करारमा नियमावली जारी हुँदाको बखत कार्यरत बाहेक नगर प्रहरी राखिने छैन ।

**८६) बाधा अडकाउ फुकाऊ:**मण्डनदेउपुर नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस नियमावलीमा व्यवस्था भएको हदसम्म यसै नियमावली बमोजिम हुनेछ । यस नियमावलीमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ।

**८७) नियमावलीसंशोधन:** यस नियमावलीमा आवश्यक संशोधन मण्डनदेउपुर नगर कार्यपालिकाले गर्न सक्नेछ ।